मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

मितिः २०८०।०४।२२

# किसानलाई राहतको व्यवस्था गर्न अपिल

नेपाल कृषिप्रधान मुलुक हो र झण्डै दुई तिहाइ जनसंख्या कृषि मै आश्रित छन्। नेपालकै अन्न भण्डारको रुपमा तराई मधेश रहेको छ र त्यहाँका प्रायः जनता कृषि मै केन्द्रित छन्। विगत केहि महिना देखि तराई मधेश लगायत मुलुकभर पशुहरुमा लम्पी स्किन रोगले महामारीको रुप लिइएको देखिन्छ । यसबाट पशु चौपायाहरुको मृत्यु भइरहेको छ, जसबाट किसानहरुलाई अपूरणीय क्षति भइरहेको छ । किसानहरुको खेती कर्म गर्ने बेलामा पशुजन्य चौपायाहरुको मृत्युले किसानहरु थप मर्कामा परेका छन् । क्षति भएका पशुजन्य चौपायाहरुको विमा भुक्तानि वा क्षतिपूर्ति दिन विमा कम्पनीहरु उदासिन देखिएका छन्।

खेती किसान गर्ने समयमा पानी नपरेको कारणले खेती हुन नसकिरहेको गम्भीर अवस्था सिर्जना भएको छ । एकातिर वर्षा नभएर किसानहरु खडेरीको चपेटामा परेका छन् भने अर्कोतिर कृषि कर्मका लागि भएका चौपायाहरु मरेका छन् । दुवै समस्याबाट किसानलाई जीवनयापन गर्न समेत कठिन भइरहेको छ ।

तसर्थ, किसानहरुलाई आहातमा राहत प्रदान गर्न तराई मधेशका जिल्लाहरुलाई "सुक्खा क्षेत्र" घोषणा गरी पशुजन्य रोगको कारणबाट मरेका चौपायाहरुको क्षतिपूर्तिको लागि आयोग हार्दिक अपिल गर्दछ ।

(रुद्र प्रसाद लामिछाने)

सचिव